# अनुसूची २

(दफा ४ तथा अनसूची-१ को भाग-२ सँग सम्बन्धित)

रतुवामाई नगरपालिका

रतुवामाई राजपत्र

खण्डः १ संख्याः १ मितिः २०७५/०६/२४

## भाग-२

## शैक्षिक व्यवस्थापन (पहिलो संसोधन ) कार्यविधि, २०७५

शैक्षिक व्यवस्थापन कार्यविधि, २०७४ लाई संसोधन गर्न वाञ्छनीय भएकोले,

शैक्षिक व्यवस्थापन कार्यविधि , २०७४ को दफा १२२ ले दिएको अधिकार प्रयोग गरी रतुवामाई नगर कार्यपालिकाले देहायका संसोधन गरेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यो कार्यविधिको नाम शैक्षिक व्यवस्थापन (पहिलो संसोधन )कार्यविधि, २०७५ रहेको छ ।

(३) यो कार्यविधि तुरुन्तै प्रारम्भ हुनेछ ।

२. परिच्छेद २ को दफा १३ को उपदफा १ मा बुदाँ नं (घ) थपिएको छ :
(घ) कक्षा ११ र १२ को लागि रु. सात लाख

३. परिच्छेद २ को दफा १४ को व्यवस्था खारेज गरी दफा १४ (क) थपिएको छ :
(क) धरौटी रकम जम्मा गरिने
(१) विद्यालयले दफा १३ बमोजिमको धरौटी रकम नगरपालिकाले तोकेको बैंकमा विद्यालयको नाममा मुद्धति खाता खोली जम्मा गर्नुपर्नेछ ।
(२) उपदफा १ बमोजिम बैंकमा जम्मा गरिएको रकमबाट प्राप्त व्याजको रकम विद्यालयको काममा खर्च

गर्न सकिनेछ।
(३) उपदफा १ बमोजिमको खाताको सञ्चालन व्यवस्थापन समितिले तोकेको व्यक्ति तथा नगरपालिकाले तोकेको कर्मचारीको संयुक्त दस्तखतबाट हुनेछ।

४.परिच्छेद २ को दफा १६ पछि दफा १६(क) थपिएको छ :
१६(क) सामुदायिक बाल विकास केन्द्र गाभ्न सकिने:
(१) कुनै सामुदायिक बाल विकास केन्द्रले कुनै सामुदायिक विद्यालयमा समायोजन हुन चाहेमा सम्बन्धित वडाको सिफारिस र बालविकास केन्द्र व्यवस्थापन समितिको निर्णयमा शिक्षा समितिको सिफारिस बमोजिम नगर कार्यपालिकाले समायोजन गर्न सक्नेछ।

५.परिच्छेद ४ को दफा २५(१) को ज मा संसोधन र झ थपिएको छ :
(ज) १ दलित, १ महिला सहित ४ जनालाई ५ जना बनाउने
(झ) नगर सामाजिक विकास समितिको संयोजक -सदस्य
दफा २५(१) को साविक "झ" लाई "ञ" कायम गरिएको छ।

६.परिच्छेद ५ को दफा २७ मा गरिएको संसोधन :
दफा २७ को उपदफा (१) को साबिक "ख" पछि बुँदा "ग" थपिएको छ :
(ग) विद्यालयका संस्थापक, स्थानीय बुद्धिजीवी, शिक्षा प्रेमी, विद्यालयलाई निरन्तर दश वर्ष देखि सहयोग गर्ने वा विद्यालयलाई दश लाख वा सो भन्दा बढी नगद वा जिन्सी सहयोग गरेका व्यक्तिहरुमध्येबाट विद्यालय व्यवस्थापन समितिले मनोनित गरेको एक जना महिला सहित दुई जना सदस्य
साविकको "ग", "घ", "ङ" र "च" लाई क्रमशः "घ", "ङ", "च" र "छ" कायम गर्ने र बुँदा "ज" थपिएको छ :
(ज) विद्यालय व्यवस्थापन समिति गठन प्रक्रिया चालु रहेको तर समाप्त नभैसकेको व्यवस्थापन समितिको हकमा २७(१)को (घ) लागु हुनेछ।
दफा २७ को २ मा "क", "ख", "ग" पछि "घ" थप गर्ने
दफा २७ को उपदफा (२) पछि "क" थप गर्ने
उपदफा २ मा उल्लेखित क, ख, ग र घ बमोजिमको सदस्यहरु मध्येबाट सर्वसहमति भएमा विद्यालय व्यवस्थापन समितिको अध्यक्ष छनौट गरिनेछ।
तर सहमति हुन नसकेको खण्डमा उपदफा १ को खण्ड क र ख बमोजिम सदस्य मध्येबाट मात्र व्यवस्थापन समितिको अध्यक्ष छनौट गर्नु पर्नेछ।
उपदफा २ पछि उपदफा २(१) थप गर्ने
क) दफा २७ को उपदफा १ को खण्ड क बमोजिमका सदस्यहरु छनौट गर्ने प्रयोजनका लागि अभिभावकहरुबीच सर्वसहमति हुन नसकेमा मतदान बाट सदस्यहरु छनौट गर्नुपर्नेछ र मतदान सम्बन्धि कार्यप्रक्रिया छनौट सहयोग समितिले निर्धारण गर्नेछ।

७.परिच्छेद ५ को दफा २८ को २ मा "स्थानीय तहको प्रतिनिधी" भन्ने वाक्यांसको सट्टामा "विद्यालय रहेको वार्डको वडा अध्यक्ष वा वडा समितिले तोकेको वडा सदस्य" भन्ने वाक्यांस राखिएको छ।

८.परिच्छेद ९ को दफा ६२ को उपदफा १ मा भएको खारेज र संसोधन गरिएको छ :

क, ख, ग, घ खारेज गरी देहायका संसोधन गरियो

क) विद्यालय व्यवस्थापन समितिको अध्यक्ष -संयोजक

ख) विद्यालय निरिक्षक/ शिक्षा अधिकृत -सदस्य

ग) विद्यालयको प्रधानाध्यापक -सदस्य सचिव

९. परिच्छेद १६ को दफा १११ मा गरिएको संसोधन :

(ड) मा शिक्षक युनियन, संघ, संगठन र महासंघ वाहेक थपिएको छ

(ढ) पछि देहायको उपदफा “ण” र “त” थपिएको छ

(ण) शिक्षक युनियन बाहेक अन्य कुनै पनि संघ संस्थाको कुनै पनि समितिको पदाधिकारी हुन नहुने

(त) सामुदायिक विद्यालयको स्वीकृत दरबन्दीमा कार्यरत प्रअ तथा शिक्षकले समान तहको संस्थागत विद्यालयमा अध्यापन गर्न नहुने